# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके

पत्र संख्या नं. :
चलानी नं.:

मितिः २०८३-०५-१६ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
रेजिना मल्ल
तिलक गाउँले
करुणा शाह

सचिव
कृष्ण ओली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भगतराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यद्धुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेष

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


# प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बाँके शाखाको कार्यसमिति बेठक २०८३ भदौ १६ गते मंगलबारका दिन बाँके शाखाको कार्यालयमा शाखाका अध्यक्ष श्री नवीन गिरीको अध्यक्षतामा बसी निम्न अनुसार निर्णयहरू गरिएको छ।

**निर्णयहरूः**

१. भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट सिर्जित महाविपद्मा परी ज्यान गुमाउने सम्पूर्णप्रति बेठकले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरेको छ। साथै, बाढीका कारण घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्पर्कविहीन व्यक्तिहरूको खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी र तीव्र बनाउन, पीडित तथा प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन र पुनःस्थापनाको कार्यलाई द्रुत गतिमा अघि बढाउन नेपाल सरकार तथा सम्बन्धित निकायसँग आग्रह गर्ने निर्णय गरेको छ।

यसै सन्दर्भमा, यसअघि हिन्दु महिलाहरूको महान् चाड हरितालिका (तीज) को अवसरमा यही भदौ २१ गते आइतबार आयोजना गर्ने निर्णय गरिएको 'तीज मिलन' (पत्रकार महिलाहरूलाई दर खुवाउने) तथा पत्रकार महिलाहरूबीचको 'तीज विशेष कविता प्रतियोगिता' कार्यक्रम रद्द गर्ने निर्णय गरिएको छ। विपद्को यस दुःखद् र संवेदनशील घडीमा उत्सव भन्दा मानवीय सहयोग र विपद् प्रभावितको उद्धार तथा राहतलाई प्राथमिकता दिनुपर्ने निष्कर्षसहित तीज कार्यक्रमका लागि छुट्याइएको रकम तथा नेपाल पत्रकार महासंघ बाँके शाखा कार्यसमितिको तर्फबाट थप रकम समेत गरी कूल रु. ५१,००० (एकाउन्न हजार रूपैयाँ) प्रधानमन्त्री देवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको छ। सो रकम मंगलबार नै प्रधानमन्त्री देवी प्रकोप उद्धार कोषमा जम्मा समेत गरिसकिएको छ।

२. भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा त्यसबाट उत्पन्न महाविपद्का कारण सिर्जित असहज परिस्थितिलाई मध्यनजर गर्दै नेपाल पत्रकार महासंघ बाँके शाखामा आवद्ध साधारण सदस्यहरूको सदस्यता नवीकरणमा सहजता प्रदान गर्ने उद्देश्यले नवीकरणको समयावधि थप १५ दिन बढाउने निर्णय गरिएको छ। यस अनुसार सदस्यता नवीकरणको अन्तिम म्याद भदौ १५ गतेबाट थप गरी भदौ मसान्तसम्म कायम गर्ने निर्णय गरिएको छ।

कृष्ण ओली
सचिव


कार्यालयः नेपालगन्ज उपमहानगरपालिका-४, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६५७७ **E-mail**: fnjbankebranch@gmail.com